तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तलकोट, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

# जलचर एंव जलीय जैविक विविधता संरक्षण ऐन

२०७६

# जलचर एवं जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: तल्कोट गाउँपालिकाको क्षेत्र भित्रको नदी, ताल तलैया, सिमसार, जलचर, जलीय जैविक विविधताको संरक्षण गर्न, जलचर एवं जलीय जैविक विविधताको दिगो उपयोग गर्न, जलस्रोत तथा जलचरमा आश्रित समुदाय बीचको आध्यात्मीक तथा सांस्कृतिक अन्तर-सम्बन्ध तथा अन्तर-निर्भरता समेत सुदृढ गर्न तथा जलचरमा आधारित जीविकोपार्जनको प्रबर्द्धन तथा व्यवस्थापन गरी नागरिकको सुविधा र आर्थिक हितको सम्बर्द्धनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

तल्कोट गाउँपालिकाको गाँउ सभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "तल्कोट गाउँपालिको जलचर एवं जलिय जैविक विविधता संरक्षण ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले तल्कोट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "औजार" भन्नाले जलचरलाई समाउन, पक्रन, मार्न वा संकलन गर्न प्रयोग हुने सबै किसिमका औजार, उपकरण, साधन वा सामग्री, विष्फोटक पदार्थ तथा महाजाल, करेन्ट जाल, पासो, बल्छी, साधारण जाल, खुकुरी, भाला, दुवालो थुन्ने, पहाई टेक्ने, तिर कोच्ने, घन र मेशीन समेत सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले तल्कोट गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) "कार्यसमिति" भन्नाले यस ऐनको दफा २३ बमोजिम गठन भएको सामुदायिक जलचर संरक्षण समुहको कार्यसमिति सम्झनु पर्छ ।

(ङ) "कोष" भन्नाले यस ऐनको दफा २८ बमोजिम स्थापना भएको सामुदायिक जलचर संरक्षण समूहका कोष सम्झनु पर्छ ।

(च) "गाउँपालिका " भन्नाले तल्कोट गाउँपालिका सम्झनु पर्छ ।

(छ) "जलचर" भन्नाले नदीनाला, गाड, खोला, तालतलैया वा सिमसार भित्र बस्ने जुनसुकै जीव सम्झनु पर्छ ।

(ञ) "जलचरमा आश्रित समुदाय" भन्नाले नदीनाला, खोला, गाड, ताल, तलैया, सिमसारमा रहेका जलचरमा आंशिक वा पूर्ण रुपमा आश्रित भई जीविकोपार्जन गर्ने समुदाय सम्झनु पर्छ ।

(झ) "जलीय जीव" भन्नाले नदीनाला, खोला, गाड, तालतलैया वा सिमसार भित्र बस्ने जुनसुकै जीव सम्झनु पर्छ ।

(ञ) "जलचर संकलन" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव समाउन, पक्रन, मार्न वा संकलन गर्ने कार्य सम्झनु पर्छ ।

(ट) "जलीय जैविक विविधता" भन्नाले नदी र सिमसार वा तालमा रहने जीवहरुको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरु बीचको अन्तरसम्वन्ध एवं प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुमा पाइने विविधता र तिनीहरुको संयोजनलाई सम्झनु पर्छ र सो शव्दले आनुवंशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातिय वा प्रजातिय वा प्रजातिगत (स्पेसिस डाइभर्सिटी) विविधता र पारिस्थितिक प्रणालीको विविधता ( इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ ।

(ठ) "ताल" ताल भन्नाले कुण्ड, पोखरी, ताल, दह, तलाउ, प्राकृतिक वा कृत्रिम जलाशय, सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज) तथा माछा पालन गरेको धान खेत समेत सम्झनु पर्छ ।

(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ढ) "दिगो उपयोग" भन्नाले जलचर र जलीय जैविक विविधता एवं जलीय जैविक विविधताका अवयवहरुको उपयोगबाट जलचर र जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरु दीर्घकालिन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहनसक्ने तथा दीर्घकालिन रुपमा संचिति कायम गर्न सक्ने सीमा भित्र रहनेगरी गरिएको सदुपयोग सम्झनु पर्छ ।

(ण) "नदी" भन्नाले नदी, खोला, गाड, नाला, खहरे, नहर, कुलो, मुल र तिनीहरुको स्रोत तथा मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज) समेत सम्झनु पर्छ ।

(त) "परिषद" भन्नाले दफा १६ बमोजिमको जलचर तथा जलिय जैविक विविधता समन्वय परिषद सम्झनु पर्छ ।

(थ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणिय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

लाल बहादुर विष्ट
गाउँपालिका अध्यक्ष

(३) समितिको अध्यक्ष तथा सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी र अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

(५) समितिको काम, कर्तव्य र अधिकार गाउँपालिकाले तोके वमोजिम हुनेछ ।

(६) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

१६. कार्यपालिकाले समन्वय परिषद गठन गर्न सक्ने : (१) पश्चिम सेती जलाधार क्षेत्र भित्र जलचर, जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्वन्धमा पश्चिम सेती जलाधार क्षेत्र भित्र अवस्थित जयपृथ्वी नगरपालिका तथा छविसपाथीभेरा, केदारस्यूँ र थलारा गाँउपालिका तथा अन्य स्थानीय तह र निकायहरुका विचमा समन्वय र सहकार्य गर्न, संयुक्त नीति, योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न गाउँपालिकाले उपरोक्त स्थानीय तहहरुसँग समन्वय गरी जलचर तथा जलीय जैविक विविधता समन्वय परिषद गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद गठन गर्दा पश्चिम सेती जलाधार क्षेत्र भित्रका स्थानीय तहहरु मध्येबाट वर्णानुक्रम वमोजिम क्रमिक रुपमा आलोपालो गरी सम्वन्धित स्थानीय तहका प्रमुख वा अध्यक्षको संयोजकत्वमा एक परिषद गठन गर्नु पर्नेछ । सो परिषदमा गाउँपालिकाको अध्यक्ष, नगरपालिकाको प्रमुख, उप-प्रमुख, गाउँपालिकाको उपाध्यक्ष, राष्ट्रिय निकुन्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको अध्यक्ष, नदी वा खोला रहेको क्षेत्रका वडा अध्यक्ष, स्थानीय बुद्धिजीवी, समाजसेवी र महिला, दलित तथा आदिवासी जनजाति समूह समेतको प्रतिनिधित्व रहने गरी बढीमा १७ सदस्यीय समन्वय परिषद गठन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने परिषदको संयोजकको पदावधि एक वर्षको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठन गरिने परिषदको बैठक सम्वन्धी र अन्य व्यवस्था परिषदले निर्धारण गरे वमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम गठन गरिने परिषदको काम, कर्तव्य र अधिकार उपदफा (१) मा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषदले तोके वमोजिम हुनेछ ।

१७. जलचर तथा जलीय जैविक विविधता व्यवस्थापन योजना तर्जुमा गर्न सक्ने : जलचर तथा जलीय जैविक विविधताको संरक्षण, दिगो उपयोग, सो बाट प्राप्त लाभको समन्यायिक वितरण र जलीय जैविक विविधता स्वस्थ अवस्थामा भावी पुस्तालाई हस्तान्तरण सुनिश्चित गर्नका लागि कार्यपालिकाले जलचर तथा जलीय जैविक विविधता व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने छ ।

१८ जलीय जैविक विविधता संरक्षण क्षेत्र तोक्न सक्ने : (१) जलीय जैविक विविधता संरक्षणका दृष्टिले महत्वपूर्ण जलीय जैविक विविधताको प्रचुरता भएको क्षेत्र, महत्वपूर्ण प्रजातिका जलचर, जलीय वनस्पति, त्यस्ता प्रजाति वा आनुवाशिंक स्रोत विद्यमान भएको क्षेत्र, जलीय जैविक विविधताको वासस्थानको संरक्षण वा संकटापन्न प्रजातिहरुको जनसंख्या र पर्यावरणीय

समुदायको सुरक्षा गर्न वा ऐतिहासिक तथा सांस्कृतिक महत्वका जलीय स्थलहरु भएको गाउँपालिका क्षेत्र भित्रको कुनै नदी, गाड वा खोलाको सम्पूर्ण वा केही भाग वा कुनै माललाई कार्यपालिकाले त्यसको चारकिल्ला समेत खुलाएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गरी जलीय जैविक विविधता संरक्षण क्षेत्र तोक्न वा कायम गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले एकपटक घोषित गरिसकेको जलीय जैविक विविधता संरक्षण क्षेत्रको स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी सिमाना हेरफेर वा परित्याग गर्न सक्नेछ ।

१९. जलीय जैविक विविधता संरक्षण क्षेत्रमा गर्न नहुने कार्य : कार्यपालिकाको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले संरक्षण क्षेत्रमा देहायको काम गर्न पाउने छैनः-

(क) जलचर र जलीय जैविक विविधताका अवयव संकलन गर्न,

(ख) संरक्षण क्षेत्रभित्र बग्ने नदी, खोला, ताल, दह वा पानीको कुनै स्रोत वा त्यस्ता नदी, खोलाका सहायक नदी, खोला थुन्न, फर्काउन वा त्यस्ता नदी वा तालमा कुनै हानिकारक वा विस्फोटक वस्तु वा पदार्थहरु प्रयोग गर्न,

(ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, खानी खन्न, वा कुनै खनिज पदार्थ, ढुङ्गा, गिट्टी, बालुवा माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(ङ) प्रारम्भिक वातावरणीय परीक्षण विना जिल्ला सडक, सहरी सडक, ग्रामीण सडक वा साना सहायक सडक निर्माण गर्न,

(च) रुख, बिरुवा, झाडी काट्न, ढाल्न, हटाउन, छेक्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(छ) जलीय जैविक विविधताका अवयव, जलचर, जलीय वनस्पति, जलीय जलचर, पक्षी वा तिनको वासस्थानलाई क्षति पुऱ्याउन,

(ज) जलचर तथा जलीय जैविक विविधताका अवयव, जलीय वनस्पति, जलीय पक्षीलाई समात्न, पक्रन, मार्न वा अन्य कुनै किसिमले क्षति पुऱ्याउन,

(झ) नदी वा तालमा विष, वा हातहतियार खर खजाना वा औजार लैजान वा प्रयोग गर्न,

(ञ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु ।

२०. जलीय जैविक विविधता संरक्षण क्षेत्रमा सेवा सुविधाको संचालन : (१) संरक्षण क्षेत्रको सुरक्षा र सर्वोपरि हितको निमित्त कार्यपालिकाले कार्यविधि तर्जुमा गरी उक्त कार्यविधि बमोजिम कुनै व्यक्ति वा निकायसंग करार गरी घरवास (होम स्टे), होटल, लज, जलीय पर्यटन, जलयात्रा वा यातायात वा यस्तै किसिमको अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति वा निकायसँग करार गरी घरवास (होम स्टे), होटल, लज, जलीय पर्यटन, जलयात्रा वा यातायात वा यस्तै किसिमका अन्य सेवा सञ्चालन गर्दा जलचर एवं जलीय जैविक विविधतामा प्रतिकूल असर पर्ने गरी गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिम करार नगरी कुनै पनि व्यक्ति वा निकायले संरक्षण क्षेत्र भित्र कुनै पनि किसिमको सेवा वा सुविधा सञ्चालन गर्न पाउने छैन ।

## परिच्छेद ४

### समुदायमा आधारित जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

२१. ताल वा नदी समूहलाई हस्तान्तरण गर्न सक्ने : (१) कार्यपालिकाले सामुदायिक जलचर संरक्षण समूहलाई विधान बमोजिम ताल वा नदीको कुनै निश्चित भाग वा क्षेत्रको विकास, संरक्षण, व्यवस्थापन, दिगो उपयोग गर्न तथा प्रचलित कानून बमोजिम संरक्षित प्रजातिहरु बाहेकका जलीय जैविक विविधताका विभिन्न अवयवहरु, शंखे किरा, माछा, झिङ्गे माछा लगायत अन्य जलीय वनस्पति र जलचर समात्न, मार्न वा संकलन, बिक्री वितरण गर्न र अन्य माध्यमद्वारा प्राप्त लाभको समन्यायिक वितरण गर्न पाउने गरी ताल वा नदीको कुनै भाग सामुदायिक ताल वा नदीको रुपमा समूहलाई सुम्पन वा हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रमुख प्रशासकीय अधिकृतले समूहहरुलाई परिचालन गरी तोकिए बमोजिम सामुदायिक जलचर संरक्षण समूह गठन गर्न विधान तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सामुदायिक नदी वा ताल सुम्पदा वा हस्तान्तरण गर्दा प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक नदी वा ताल हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।

(४) गाउँपालिका र वडास्तरमा गठित अनुगमन समितिले उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको सामुदायिक नदी वा तालको कम्तीमा चौमासिक रुपमा अनुगमन गरी सोको प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२. सामुदायिक नदी र तालको निर्धारण : (१) कार्यपालिकाले नदी वा तालको कुनै भाग वा क्षेत्र समूहलाई सामुदायिक नदी वा तालको रुपमा सुम्पदा वा हस्तान्तरण गर्दा गाँउ वस्तीबाट नदी वा तालको दूरीका साथै नदी वा ताल व्यवस्थापन गर्ने स्थानीय समूहहरुको चाहना, व्यवस्थापन क्षमता र परम्परागत उपभोग समेतलाई ध्यान दिनु पर्नेछ ।

(२) समूहको घरधुरी पहिचान गर्दा देहायका आधारहरुलाई मध्येनजर गरी गर्नु पर्नेछः

(क) सामुदायिक नदी वा तालको रुपमा हस्तान्तरण गरिने नदी क्षेत्र वा तालको जलचरमा आश्रित समुदाय

(ख) सामुदायिक नदी वा तालको रुपमा हस्तान्तरण गर्ने नदी क्षेत्र वा तालमा आश्रित घरधुरी



लाल बहादुर विष्ट
गाउँपालिका अध्यक्ष

(ग) नदीको उक्त क्षेत्र वा ताल परम्परागत रुपमा भोगचलन गर्दै आएका घरधुरी

(घ) नदीको उक्त क्षेत्र वा ताल पायक पर्ने घरधुरी

(ङ) नदीको उक्त क्षेत्र वा तालको संरक्षण र व्यवस्थापनमा योगदान दिन सक्ने घरधुरी

(च) नदी वा तालको व्यवस्थापनमा योगदान दिन सक्ने अन्य विकल्प नभएका टाढाका घरधुरी

(छ) समूहमा समावेश हुने चाहना भएका नदीका क्षेत्र वा तालमा आश्रित घरधुरी

२३. <u>सामुदायिक नदी वा ताल हस्तान्तरण गरिने र जलचर संरक्षण समूहको गठन तथा दर्ता प्रकृया</u> : (१) कुनै नदी क्षेत्र वाताललाई सामुदायिक नदी क्षेत्र वा तालको रुपमा व्यवस्थापन गर्न चाहने समुदायका सदस्यहरुले कार्यपालिकाको कार्यालयमा वडा समितिको सिफारिस सहित लिखित रुपमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले यथाशक्य चाँडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई समूह गठन गर्न र त्यसको विधान तयार गर्न समुदायलाई सहयोग गर्नु पर्नेछ । समूहको विधानमा अन्य कुराहरुको अतिरिक्त दफा २४ मा उल्लेखित कुराहरुको सम्बन्धमा व्यवस्था गरिएको हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरुप नदी वा ताल सामुदायिक नदी वा तालका रुपमा समुदायलाई सुम्पिने वा हस्तान्तरण गरिने भाग वा क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहने गरी एक समूह गठन गरी समूहको विधान सहित अनुसूची-१ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा समूह दर्ता गराउन समूह भेला गराई उक्त भेलाको निर्णय तथा उक्त भेलामा उपस्थित प्रत्येक घरधुरीका एक एक व्यक्तिको सहिछाप सहित दरखास्त दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको दरखास्त दिने समूह त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समूहलाई दर्ता गरी, यस ऐन तथा कार्यपालिकाले तोकिदिएको शर्तहरु पालन गर्न कबूलियतनामा गराई अनुसूची- २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

२४. <u>समूहको विधानमा रहनु पर्ने कुराहरु</u> : समूहले देहायका कुराहरु समावेश गरी सामुदायिक जलचर संरक्षण समूहको विधान तयार गर्नु पर्नेछ:

बहादुर विष्ट
गाउँपालिका अध्यक्ष

(क) समूहको नाम, ठेगाना, समूहको उद्देश्य तथा कार्यहरु, सामुदायिक नदीक्षेत्र वा ताल व्यवस्थापनको उद्देश्य,

(ख) प्रस्तावित सामुदायिक नदी क्षेत्र वा तालको विवरण-नाम, सिमाना, क्षेत्रफल, वार्ड नम्बर, नदी क्षेत्र वा तालको अवस्था र किसिम,

(ग) सामुदायिक नदी क्षेत्र वा तालको नक्सा, नदीको क्षेत्र वा भाग विभाजन र यसको विवरण- सिमाना, क्षेत्रफल, माछा लगायत अन्य जलचरको किसिम, मुख्य जात एवं प्रजाति, उपयोगी जात र प्रजाति, तथा प्राकृतिक पुनरुत्पादनको स्थिति,

(घ) समूहलाई हस्तान्तरण हुने वा सुम्पिने सामुदायिक नदी क्षेत्र वा ताल क्षेत्रभित्र रहने समूहका सदस्यको घरधुरी क्षेत्रभित्र रहने घरधुरी संख्या, सदस्यहरुको नाम, घर र वतन, पारिवारिक विवरण महिला, पुरुष संख्या,

(ङ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचर जलीय जैविक विविधताका विभिन्न अवयवहरु, जलीय जैविक विविधताको संरक्षण सम्बन्धी प्रावधान र सम्वर्द्धनका अन्य कार्यहरुको विवरण,

(च) ओत (ओद) तथा अन्य जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलचरको प्रजनन क्षेत्र, माछाका भुराहरु खेल्ने र हुर्कने ठाउं, भाग, त्यस्ता क्षेत्रको विवरण र संरक्षण तथा व्यवस्थापनको तरिकाको विवरण,

(छ) प्रस्तावित सामुदायिक नदी क्षेत्र, गहीरो रह क्षेत्र, तालको कुन कुन क्षेत्रमा वर्ष भरि जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचर समात्न वा मार्न प्रतिवन्ध लगाउने हो त्यस्ता क्षेत्रको विवरण,

(ज) दुर्लभ, संकटासन्न, र संकटापन्न प्रजातिका माछा तथा अन्य जलचरहरुको संरक्षण सम्बन्धी प्रावधान,

(झ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरको अदिगो रुपमा संकलन गर्ने कार्य र दोहन नियन्त्रण गर्न अपनाइने तरिकाहरु,

(ञ) एक वर्षमा कुन कुन महिनामा र कुन कुन क्षेत्रमा प्रचलित कानूनले वा गाउँपालिकाले संरक्षित तोकेका प्रजातिहरु बाहेकका जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलचर संकलन गर्ने हो सो को विवरण,

लाल बहादुर विष्ट
गाउँपालिका अध्यक्ष

(ट) हेरालो सम्बन्धी व्यवस्था र माछा तथा जलचरको अनियमित वा गैर कानूनी रुपमा संकलन कार्यको रोकथाम तथा नियन्त्रण सम्बन्धी समुदायमा आधारित व्यवस्था,

(ठ) माछा र अन्य जलचरको बिक्री वितरण र जलीय जैविक विविधता मैत्री उद्यम वा पर्यापर्यटन एवं अन्य स्रोतबाट प्राप्त हुने आम्दानीको उपयोग सम्बन्धी व्यवस्था,

(ड) प्रस्तावित सामुदायिक नदी क्षेत्र वा तालमा एकल महिला, अपाङ्ग, दलित, आदिवासी जनजाति र विपन्नका लागि समन्यायिक पहुँच, दिगो उपयोग र लाभको समन्यायिक बाँडफाँड सम्बन्धी प्रावधान,

(ढ) एकल महिला, दलित, आदिवासी जनजाति र विपन्न घरधुरीलाई प्रदान गरिने विशेष सुविधा, सहुलियत र प्रतिफलको विवरण,

(ण) समूहको सदस्यता, सदस्यता प्राप्ति सम्बन्धी व्यवस्था तथा शुल्क, सदस्यता समाप्ती सम्बन्धी व्यवस्था,

(त) समूहको सदस्यता प्रदान गर्दा जलचरमा आश्रित समुदायलाई प्राथमिकता दिने सम्बन्धी व्यवस्था,

(थ) साधारणसभा तथा विशेष साधारण सभाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

(द) कार्यसमितिको गठन, कार्यसमितिका प्रमुख पदहरुमा महिला, दलित, आदिवासी जनजाति र विपन्न घरधुरीको प्रतिनिधित्व सुनिश्चत गर्ने सम्बन्धी व्यवस्था,

(ध) कार्यसमितिको काम, कर्तव्य र अधिकार, पदाधिकारीहरुको काम, कर्तव्य तथा अधिकार,

(न) कार्यसमितिका पदाधिकारी वा सदस्यको जिम्मेवारी समाप्त हुने अवस्था,

(प) समूहका सदस्यहरुलाई हुन सक्ने जरिवाना सम्बन्धी व्यवस्था,

(फ) विधान विपरित काम गर्ने समूहका सदस्यहरुलाई दिईने सजायहरु र समूहका सदस्यहरुलाई सजाय दिंदा पूरा गर्नु पर्ने कार्यविधि,

(ब) कार्यपालिकाले तोकेका अन्य विषयवस्तुहरु ।

२५. समानुपातिक समावेशीता तथा समन्याय कायम गर्नु पर्ने : (१) समूहका सदस्यमा कम्तिमा एकाउन्न प्रतिशत महिला, एकल महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गका सदस्य हुनु पर्नेछ ।

(२) कार्यसमितिका सदस्य मध्ये कम्तिमा चार सदस्य महिला, दलित वा जनजाति समुदायबाट हुनु पर्नेछ ।

(३) कार्यसमितिको अध्यक्ष, सचिव, र कोषाध्यक्ष पद मध्ये कुनै दुई प्रमुख पदमा महिलाको प्रतिनिधित्व हुनु पर्नेछ ।

(४) समूहले महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न सदस्यलाई अन्य सदस्यको तुलनामा जलीय श्रोत र जलचरमा समन्यायिक पहुँच र लाभको समन्यायिक वितरण सुनिश्चित गर्नका लागि समूहका महिला, दलित, आदिवासी जनजाति, तथा विपन्न सदस्यलाई जलीय श्रोत र जलचरमा अन्य सदस्य भन्दा कम्तीमा पचास प्रतिशत भन्दा बढी पहुँच दिनु पर्नेछ ।

स्पष्टीकरण : उप दफा (४) को प्रयोजनको लागि "समन्यायिक पहुच" भन्नाले समूहका सदस्यहरुलाई एक हप्तामा दुइ दिन माछा समात्न वा मार्न दिने हो भने महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न सदस्यलाई एक हप्तामा तिन दिन माछा संकलन गर्न वा मार्न दिने सम्झनु पर्छ ।

२६. सामुदायिक जलचर संरक्षण समूह संगठित संस्था हुने : (१) सामुदायिक जलचर संरक्षण समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र गैरनाफामूलक सामाजिक संस्था हुनेछ ।

(२) समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

२७. प्रतिवेदन दिनु पर्ने : (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सम्बन्धित समूहलाई सुम्पिएको वा हस्तान्तरण गरिएको सामुदायिक नदी वा तालको स्थिति समेत खुलाई समूहले आफ्नो क्रियाकलापको साधारण सभाबाट पारित वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्ययोजना गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन र कार्ययोजनाको आधारमा गाउँपालिकाले सम्बन्धित समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

२८. समूहको कोष : (१) समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) सदस्यता शुल्क बाट प्राप्त रकम,

(ख) माछा तथा अन्य जलचरको बिक्री वितरण गर्दा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) जलचर र जलीय जैविक विविधता [illegible] उद्यम वा पर्यापर्यटन कार्यक्रम संचालनबाट प्राप्त रकम,

(घ) संघ, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ङ) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम वा पुरस्कार,

(च) यस ऐनको उलघंन भएको अवस्थामा गाउँपालिकाले गरेको जरिवानाबाट उठेको रकमको चालिस प्रतिशतका दरले प्राप्त रकम,

(छ) समुहले आफ्नो विधान बमोजिम गरेको जरिबानाबाट प्राप्त रकम,

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

२९. समूहको कोषको संचालन : (१) समूहको कोषमा जम्मा भएको रकम बैंकमा समूहको नाममा खाता खोली जम्मा गर्नु पर्नेछ र सो खाता कोषाध्यक्ष र कार्यसमितिले तोकेको एकजना पदाधिकारीको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) समूहको कोषाध्यक्ष पदमा महिला निर्वाचित नभएको अवस्थामा, उपदफा (१) बमोजिम कार्यसमितिले एक जना पदाधिकारी तोक्दा महिला पदाधिकारीलाई तोक्नु पर्ने छ ।

(३) समूहको कोषको व्यवस्थापन, खाता संचालन तथा संस्थागत विकासका लागि गाउँपालिका ले तालिमको व्यवस्था गर्न सक्नेछ ।

(४) समूहको आम्दानी र खर्चको वार्षिक लेखापरीक्षण समूहको साधारण सभाले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि साधारण सभाले लेखापरिक्षक तोक्दा कुनै लेखापरिक्षण कम्पनीलाई लगातार दुई आर्थिक बर्ष भन्दा बढी तोक्न पाउने छैन ।

(६) उपदफा (४) बमोजिमको लेखापरीक्षण समूहले आर्थिक वर्ष समाप्त भएको ६ महीना भित्र गराई लेखापरीक्षण प्रतिवेदनको एक प्रति गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(७) प्रमूख प्रशासकीय अधिकृत वा निजले खटाएको कर्मचारीले समूहले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ ।

(८) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

[३]०. सामुदायिक नदी वा तालको लगत राख्ने : प्रमुख प्रसाशकीय अधिकृतले समूहलाई सामुदायिक नदी वा ताल हस्तान्तरण गरेपछि सोको लगत आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

३१. <u>माछा लगायत जलचरको तथ्यांक राख्ने</u> : (१) कार्यपालिकाले गाउँपालिका क्षेत्र भित्रको नदी, खोलानाला, ताल तलैया, सिमसारमा पाईने जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलचरको विशेषज्ञ मार्फत स्थानिय जानिफकार समेतको संलग्नतामा सर्वेक्षण गराई लगत अभिलेख आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले राख्ने लगत कार्यपालिकाले प्रत्येक तिन बर्षमा अद्यावधिक गर्नु पर्नेछ ।

३२. <u>स्वामित्व हस्तान्तरण नहुने</u> : यस ऐनको दफा २३ बमोजिम कुनै नदी क्षेत्र वा ताल गाउँपालिकाले समूहलाई सामुदायिक नदी वा तालको रुपमा व्यवस्थापन गर्न समूहलाई हस्तान्तरण गरेको कारणले मात्र नदी वा तालको स्वामित्व कुनै पनि समूहलाई हस्तान्तरण हुने छैन ।

३३. <u>सामुदायिक नदी वा तालमा गर्न नहुने काम</u> : (१) समूहले सामुदायिक नदी वा तालमा विधानले निषेध गरेका कार्यको अतिरिक्त देहायको कुनै कार्य समेत गर्नु गराउनु हुदैन :-

(क) नदी वा ताल र माछा लगायत अन्य जलचर मास्न, सामुदायिक नदी वा तालले चर्चेको जग्गा धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हस्तान्तरण गर्न,

(ख) यस ऐन तथा जलचर संरक्षण ऐन, २०१७ विपरित जलचर पक्रन वा मार्न वा अन्य कार्य गर्न तथा प्रचलित कानून विपरित वन्यजन्तु पक्रन वा मार्न,

(ग) नदीको सनातन बहावको धार परिवर्तन गर्न,

(घ) भू-क्षय हुने कुनै काम गर्न,

(ङ) कार्यपालिकाको अनुमति बेगर माटो, ढुंगा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसार पसार गर्न,

(च) जलीय जैविक विविधताको बासस्थान, खाद्यचक्र र जलीय जैविक विविधतामा ह्रास आउने अन्य कुनै काम गर्न,

(छ) तोकिए बमोजिमका अन्य कार्यहरु ।

३४. <u>जलचरको संकलन तथा बिक्री वितरण</u> : (१) समूहले यस ऐन, यस ऐन अर्न्तगत बनेको नियमावली, यस ऐन वा नियमावली अर्न्तगत जारी गरिएको आदेश र विधानमा व्यवस्था भए बमोजिम मात्र माछा र अन्य जलचर संकलन तथा बिक्री वितरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माछा लगायत अन्य जलचर संकलन गर्ने कार्यका साथ साथै उक्त नदी क्षेत्र वा तालमा समूहले संरक्षण, पुनरुत्थान, र स्तरोन्नतीका कार्य समेत गर्नु पर्नेछ ।

३५. सदस्यता शूल्क तथा सेवा शूल्क निर्धारण गर्दा ध्यान दिनुपर्ने : (१) सदस्यता शूल्क निर्धारण गर्दा समूहका एकल महिला, दलित, आदिबासी जनजाति तथा विपन्न घरधुरी सदस्यले समेत बेहोर्न सक्ने मनासीव रकम मात्र तोक्नु पर्नेछ ।

(२) समूहले सेवा शूल्क निर्धारण गर्दा समूहका घरधुरी सदस्यले संकलन गर्ने माछाको बजार मूल्यको कम्तिमा तीन प्रतिशत र बढीमा सात प्रतिशतसम्म सेवा शूल्क निर्धारण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजीम निर्धारण गरेको सेवा शूल्क प्रत्येक सदस्यले भूक्तानी गरे पछी मात्र निजले संकलन गरेको माछा बिक्री वितरण गर्नु पर्नेछ ।

३६. विधानमा संशोधन : (१) समूहले समुहको विधानको संसोधन गर्नु पर्ने भएमा संसोधन सम्बन्धि प्रस्ताव समूहको साधारण सभाको दुई तिहाई बहुमतको निर्णयबाट पारित गराई सो बमोजिम आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिम समूहले विधानमा गरेको संशोधनले नदी वा ताल तथा जलचर वा जलीय जैविक विविधतामा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समूहको कर्तव्य हुनेछ ।

३७. नविकरण गराउनु पर्ने : (१) समूहले प्रत्येक दुई दुई वर्षमा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र सम्बन्धीत वडा कार्यालयको सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालयमा समुहको नविकरण गराउनु पर्ने छ ।

३८. सामुदायिक नदी वा ताल फिर्ता लिन सकिने : (१) दफा २३ बमोजिम सुम्पिएको सामुदायिक नदी वा तालमा समूहले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा नदी वा ताल तथा जलचर, जलीय जैविक विविधता वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली वा यस ऐन वा नियमावली अन्तर्गत जारी गरिएको आदेश बमोजिम पालन गर्नु पर्ने शर्तहरु पालन नगरेमा गाउँपालिकाले त्यस्तो समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक नदी वा ताल फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समूहको दर्ता खारेज गरी सामुदायिक नदी वा ताल फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो समूहलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सफाई पेश गरेमा सफाई सन्तोषजनक पाइएको समूहका पदाधिकारीलाई भविष्यमा यस ऐन, नियम, प्रचलित ऐन कानून र समूहको विधानको पूर्णतः पालना गर्ने कागज गराई समूहको दर्ता खारेज गर्ने प्रक्रिया अन्त्य गरिने छ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समूहको कार्यसमितिका पदाधिकारी वा सदस्यहरुले समूहको हितको नाममा वा अन्य कुनै कारणले यस ऐन, यस ऐन

अर्न्तगत बनेको नियमायली वा समूहको विधान विपरीत कुनै काम कारबाही गरेको भनी समूहको वा अरु कसैको उजुरी परी कसुर प्रमाणित भएमा त्यस्ता पदाधिकारीलाई र सदस्यलाई यस ऐनमा व्यवस्था भएको जरिवानामा पच्चिस प्रतिशत थप जरिवाना हुनेछ ।

(५) उपदफा (३) बमोजिम कागज गराई सामुदायिक जलचर संरक्षण समूहको संरक्षण, व्यवस्थापन गर्न समुहलाई निरन्तरता प्रदान गरेकोमा सो समुहले पुनः उपदफा (१) मा उल्लेख भएका क्रियाकलाप गरेमा गाउँपालिका ले निर्णय गरी समुहको दर्ता खारेज र सामुदायिक नदी वा ताल फिर्ता लिन सक्ने छ ।

(६) उपदफा (३) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि समूहका पदाधिकारीहरुले समूहको हितको नाममा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा यस ऐन वा नियमावली अर्न्तगत जारी भएको आदेश वा विधान विपरित कुनै काम कारबाही गरेमा निजलाई यस ऐन बमोजिम जरिवाना गर्न बाधा पुऱ्याएको मानिने छैन ।

३९. <u>सामुदायिक नदी तथा ताल पुनः सुम्पन सकिने :</u> दफा ३८ को उपदफा (५) बमोजिम फिर्ता लिएको सामुदायिक नदी, खोला, ताल तथा तलैया दफा ५१ बमोजिम तत्सम्बन्धी निर्णय बदर भएमा कार्यपालिकाले साविककै समूहलाई पुनः सुम्पनु पर्नेछ ।

४०. <u>विधान विपरित काम गर्नेलाई दण्ड जरिवाना :</u> (१) सामुदायिक नदी वा तालमा कुनै सदस्यले विधान विपरित हुने कुनै काम गरेमा निजलाई सम्बन्धित समूहले उपयुक्त नसिहत दिन वा जरीवाना गर्न सक्नेछ र कुनै हानी नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्नेछ ।

(२) समूहको सदस्य नभएको व्यक्तिले यस ऐन वा विधान विपरित कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजीमको जरिवानाका अतिरिक्त समूहको कार्य समितिको निर्णय बमोजिम निर्धारण गरेको जरिवाना समेत हुनेछ ।

४१. <u>जलीय जैविक विविधता तथा सामुदायिक नदी वा ताल संरक्षणको लागि खर्च गर्नु पर्ने :</u> समूहले विधान बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा तिस प्रतिशत रकम सामुदायिक नदी वा तालको विकास, संरक्षण र व्यवस्थापन कार्यमा, कम्तीमा पैंतिस प्रतिशत समूहका विपन्न तथा गरीबीका रेखामुनी रहेका सदस्यलाइ टेवा पुग्ने गरि खर्च गर्नु पर्ने र बाँकी रकम समूहको हितको लागि विकास कार्यमा गरिवी न्यूनिकरण गर्ने कार्यमा खर्च गर्नु पर्नेछ ।

४२. <u>सामुदायिक नदी वा तालमा कार्यक्रम सञ्चालन गर्न सक्ने :</u> साधारण सभाको निर्णय बमोजिम समूहले गाउँपालिकाको पूर्व अनुमति लिई विधानको अधिनमा रही जलचर र जलीय जैविक विविधता मैत्री उद्यम तथा पर्यापर्यटन कार्यक्रम सामुदायिक नदी वा तालमा सञ्चालन गर्न सक्नेछ ।

४३. <u>नयाँ सदस्यसंग बढी सदस्यता शुल्क लिन नमिल्ने :</u> अंश वण्डाभई, बसाई सराई गरी वा अन्य कुनै किसिमले सामुदायिक नदी क्षेत्र भित्र बसोवास गर्न आउने नयाँ घरधुरीले समूहको सदस्यता प्राप्त गर्न निवेदन दिएमा त्यस्ता घरधुरीलाई समूहको कार्य समितिले सदस्यता शुल्क

बापत समुहको विद्यमान सदस्यता शुल्कमा बढीमा पच्चिस प्रतिशत सम्म मात्र थप सदस्यता शुल्क लिई समूहको सदस्यता प्रदान गर्नु पर्नेछ।

४४. बर बुझारत गर्नु पर्ने : समूहको कार्यसमितिको कुनै पदाधिकारी परिवर्तन भएमा वा नयाँ कार्यसमिति गठन भएको अवस्थामा पद त्याग गरेको पदाधिकारीले वा पुरानो कार्यसमितिको पदाधिकारीहरुले नयाँ पदाधिकारीलाई वा नयाँ गठन भएको कार्यसमितिलाई नगदी, जिन्सी तथा अन्य कागजात, लेखा र नगदी कोष आदि पद त्याग गरेको वा नयाँ कार्यसमिति गठन भएको मितिले बढीमा पन्ध्र दिन भित्र बुझाई सक्नु पर्नेछ।

## परिच्छेद-५

## कसुर तथा जरिवाना

४५. कसुर : कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ :-

(क) कुनै व्यक्तिले पनि कुनै नदी वा तालमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले त्यस्तो नदी वा तालमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोटक पदार्थ, विषालु पदार्थको प्रयोग गर्ने, तथा डोजर जस्ता मेसिनको प्रयोग गरी धार वा बहाव परिवर्तन गरेमा।

(ख) सेती नदीमा माछा र जलचर समात्ने अभिप्रायले जालको आँखा (घर) को साइज तीन दशमलव पाँच सेन्टिमिटर (पैतिस मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात सेन्टिमिटर (सतरी मिलिमिटर) भन्दा ठूलो प्वालको जाल, चेउँदी (चौदी), माहाजाल र करेण्ट जाल जस्ता जाल प्रयोग गर्ने वा घन ठोक्ने कार्य गरेमा,

(ग) सेती नदी बाहेक अन्य खोला वा गाडमा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखा (घर) को साइज दुई सेन्टिमिटर (विस मिलिमिटर) भन्दा सानो आँखाको साइज र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको साइज भएको जाल, चेउँदी (चौदी) जाल, माहाजाल र करेण्ट जाल (गिल नेट) वा मच्छर झुल प्रयोग गरेमा,

(घ) माछा समात्ने वा मार्ने अभिप्रायले सेती नदी वा यसका सहायक खोलामा पासोको प्रयोग गरेमा,

(ङ) जलचर वा माछा संकलन गर्न, पक्रन वा मार्न वा अन्य कुनै प्रयोजनका लागि डोजर वा जेसिवी जस्ता मेसिनको प्रयोग गरी नदी वा खोलाको धार परिवर्तन गरेमा,

(च) कसैले पनि जलचर समात्न वा मार्नका लागि जालको आँखा (घर) को साइज दुई सेन्टिमिटर (विस मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात सेन्टिमिटर (सतरी मिलिमिटर) को जाल, चौथी, महाजाल, वा करेण्ट जाल पैठारी वा खरिद बिक्री गरेमा,

(छ) अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा रहेको मत्स्य भऱ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोका थुनेमा वा भत्काएमा,

(ज) तोकिएका जातिका जलचरलाई कार्यपालिकाको इजाजतपत्र बेगर कुनै पनि व्यक्तिले समातेमा, मारेमा, चोट पूऱ्याएमा वा क्षति पूऱ्याएमा,

(झ) गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएका ठाउँको सामुदायिक नदी वा तालमा कार्यपालिकाको इजाजत बेगर कुनै पनि व्यक्तिले जलचरहरु समात्न, मार्न वा चोट पुऱ्याउन नपाउने गरी जारी गरेको सूचनाको उलंघन गरेमा,

(ञ) दफा ७ बमोजिम बाँध निर्माण वा सञ्चालन गर्ने निकायले मत्स्य भऱ्याङ्ग निर्माण नगरेमा वा जलचर हयाचरी वा जलचर नर्सरीको व्यवस्था नगरेमा,

(ट) दफा ७ बमोजिम बाँध निर्माण वा सञ्चालन गर्ने निकायले क्याच, हल र रिलिजको व्यवस्था नगरेमा वा नदीको प्रवाहको तिस प्रतिशत न्यूनतम वातावरणिय वहाव कायम नगरेमा,

(ठ) कुनै व्यक्ति, संस्था वा निकायले फोहरमैला वा दूषित पानी रसाएर (लिचेट) वा ढल नदी वा तालमा चुहावट वा उत्सर्जन गरी नदी वा ताल प्रदूषित गरेमा,

(ड) ताल तलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर नदी, खोला, खोलानाला वा सार्वजनिक ताल, तलैया, पोखरी, दह वा सीमसारमा छाडेमा वा निस्कासन गरेमा,

(ढ) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र अन्य जलचरलाई समातेमा, मारेमा, चोट पूऱ्याएमा वा क्षति पूऱ्याएमा ।

(ण) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा ।

(त) वातावरणीय व्यवस्थापन योजना तर्जुमा नगरेमा वा योजना गाउँपालिकाबाट स्वीकृत नगराएमा वा स्वीकृत योजनाको कार्यान्वयन नगरेमा ।

४६. जरिवाना : (१) दफा ४५ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पहिलो पटक भए सात हजार रुपैयाँ देखि दश हजार रुपैयाँ सम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पन्ध्र हजार रुपैयाँ र तेस्रो वा सोभन्दा बढीपटक सोही कसूर गरेमा प्रत्येक पटकको लागि तिस हजार रुपैयाँका दरले जरिबाना हुनेछ ।

(२) दफा ४५ को खण्ड (ख), (ग), र (च) बमोजिमको कसूर गर्नेलाई तीन हजार रुपैया देखि पाँच हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँ

देखि दश हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँ जरिबाना हुनेछ ।

(३) दफा ४५ को खण्ड (घ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक दुइ सय रुपैया जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच सय रुपैयाँ जरिबाना, तेस्रो पटक सोही कसूर गरेमा एकहजार रुपैयाँ जरिबाना र सोही कसूर चौथो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दुइ हजार रुपैयाँ जरिबाना हुनेछ ।

(४) दफा ४५ को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भए दश हजार रुपैया देखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा विस हजार रुपैयाँदेखि पच्चिस हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि तिस हजार रुपैयाँ जरिबाना हुनेछ ।

(५) दफा ४५ को खण्ड (छ) बमोजिमको कसूर गर्नेलाई पचास हजार रुपैयाँदेखि तिन लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(६) दफा ४५ को खण्ड (ज) र (झ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भए दुइ हजार देखि चार हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँदेखि सात हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दश हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(७) दफा ४५ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नेपाल सरकारसँग अनुमति लिई बाँध निर्माण गरेको अवस्थामा नेपाल सरकारसँग र सुदुर पश्चिम सरकारबाट अनुमति प्राप्त गरी बाँध निर्माण गरेको भए सुदुर पश्चिम सरकारसँग सो बाँध निर्माण गर्ने निकायलाई मत्स्य भऱ्याड निर्माण गर्न वा ह्याचरी वा जलचर नर्सरीको निर्माण गरी सञ्चालन गर्न गराउन पत्राचार गर्ने ।

(८) दफा ४५ को खण्ड (ट) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक एक लाख, दोश्रो पटक तिन लाख, तेश्रो पटक नौ लाख र चौथो पटक समेत सो कसुर गरेमा उद्योगको अनुमति पत्र वा कम्पनीको दर्ता खारेज गर्न प्रदेश र संघीय सरकारसँग पहल गर्ने ।

(९) दफा ४५ को खण्ड (ठ) बमोजिमको कसूर गर्ने व्यक्ती विशेषको हकमा पहिलो पटक पाँच सय रुपैया, दोश्रो पटक एक हजार रुपैया, तेश्रो पटक एक हजार पाँच सय रुपैया र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दुई हजार रुपैयाँका दरले जरिबाना हुनेछ र सो कसुर उद्योग व्यवसाय, कम्पनी, कलकारखाना वा संघ संस्थाले भए पहिलो पटक दुई हजार रुपैया, दोश्रो पटक तीन हजार रुपैया, तेश्रो पटक पाँच हजार रुपैया र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दश हजार रुपैयाँका दरले जरिबाना हुनेछ ।

(१०) दफा ४५ को खण्ड (ड) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक पाँच हजार रुपैया, दोश्रो पटक दश हजार रुपैया, तेश्रो पटक बीस हजार रुपैया र सोही कसूर चौथो वा

सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पच्चीस हजार रुपैयाँका दरले जरिबाना हुनेछ ।

(११) दफा ४५ को खण्ड (ढ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक तिन हजार रुपैया, दोश्रो पटक छ हजार रुपैया, तेश्रो पटक नौ हजार रुपैया र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना हुनेछ ।

(१२) दफा ४५ को खण्ड (ण) र (त) बमोजिमको कसूर गर्नेलाई सात लाख रुपैयाँ देखि दस लाख रुपैयाँ सम्म जरिवाना हुनेछ ।

४७. पुरस्कार दिने : (१) यस ऐन विपरित कसूर हुन लागेको सुराक दिने वा अभियुक्त पक्राउ गर्न सहयोग गर्नेलाई कसुरदारलाई हुने जरिबानाको पैंतिस प्रतिशत पुरस्कार स्वरुप प्रदान गरिने छ ।

(२) उपदफा (१) को बमोजिमको सुराकीको नाम, थर, वतन गोप्य रहने छ ।

(३) जलचर तथा जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोगमा उत्कृष्ट योगदान पुऱ्याउने समुहलाई कार्यपालिकाले तोकिएको रकम सहित अन्य पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

४८. अनुसन्धान अधिकृत तोक्ने : यस ऐन बमोजिम सजाय हुने कसूरको अनुसन्धान गर्न गाउँपालिका ले कम्तीमा पाँचौ तहको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृतको रुपमा तोक्न सक्नेछ ।

४९. कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी : (१) यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार कार्यपालीकालाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा दण्ड जरिवाना हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकृतले सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

५०. प्रचलित कानून बमोजिम सजाय हुने : यस ऐन अर्न्तगत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलति कानून बमोजिम मुद्दा चलाई कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

५१. पुनरावेदन दिन सकिने : दफा ३८ बमोजिम गाउँपालिकाको निर्णय उपर चित्त नबुझ्ने वा दफा ४६ बमोजिम कार्यपालिकाले गरेको जरिवानाको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

५२. जलचर र तत्सम्बन्धी औजार, माल वस्तु कब्जा गर्न सक्ने : (१) जलचर, जलीय जैविक विविधता, जलीय जैविक विविधताका अवयव, स्तनधारी जीव, घस्रने प्राणी, माछा, लगायत

जलीय वनस्पति सम्बन्धमा यो ऐन उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्तो जलचर, जलीय जैविक विविधता, जलीय जैविक विविधताका अवयव, स्तनधारी जीव, घस्रने प्राणी, माछा, लगायत जलीय वनस्पति  र सो कसूरसँग सम्वन्धित औजार वा हतियारलाई गाउँपालिकाका कर्मचारी वा प्रहरी वा समूहको पदाधिकारीले कब्जा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कब्जा गर्ने कर्मचारी वा समूहको पदाधिकारीले सो कब्जा गरिएको औजार, माल वस्तुको विवरण खोली कम्तीमा तीन जना व्यक्तीको रोहवरमा बरामदी मुचुल्का तयार गरी  त्यस्तो मालमा खास चिन्ह लगाई नाप जाँच गरी सकभर चाँडो वडा कार्यालय वा गाउँपालिका  को कार्यालयमा प्रतिवेदन र औजार पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कब्जा गरिएको औजार, हतियार, माल वस्तु,  इत्यादि कार्यपालिकाको आदेश उपर पुनराबेदन नपरेमा पुनराबेदनको म्याद सकिएपछि र पुराबेदन परेको अवस्थामा जिल्ला अदालतको फैसला अनुरुप नष्ट गर्नु पर्नेछ ।

## परिच्छेद ६

## विविध

५३. अधिकार प्रत्यायोजन : गाउँपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, कार्यालय, कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५४. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

५५. नियमावली वनाउन सक्ने : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि बनाउन सक्नेछ ।

५६. बचाउ : यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित  कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन वमोजिम भएको मानिनेछ ।

लाल बहादुर विष्ट
गाउँपालिका अध्यक्ष

(द) "प्रस्तावक" भन्नाले प्रस्ताव स्वीकृतीको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृती प्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनु पर्छ ।

(ध) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तल्कोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(न) "मत्स्य भऱ्याङ (फिस ल्याडर)" भन्नाले जलचरको आवागमनको लागि नदी, खोला, गाड वा तालमा राखिएको वैकल्पिक बाटो सम्झनु पर्छ ।

(प) "मिचाहा प्रजाति" भन्नाले जलीय वनस्पति वा जलचरको कुनै त्यस्तो प्रजाति जुन स्थान विषेश वा पारिस्थितिकिय प्रणालीको रैथाने प्रजाती नभई, तिव्र प्रजनन् र छिटो फैलन सक्ने क्षमता र प्रकृति वा गुणको कारणले आफनो प्राकृतिक बिगत वा हालको बासस्थान भन्दा बाहिरको स्थान विषेश वा पारिस्थितिकिय प्रणालीमा स्थापित भै जैविक विविधता, वातावरण, आर्थिक कृयाकलाप र मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पार्ने वा पार्न सक्ने प्रजाती सम्झनु पर्छ ।

(फ) "लाभको समन्यायिक वितरण" भन्नाले सामुदायिक नदी वा तालको संरक्षण, व्यवस्थापन, दिगो उपयोग र माछा तथा अन्य जलचरको विक्रि वितरण, पर्यापर्यटन जस्ता माध्यमबाट सामुदायिक जलचर संरक्षण समूहले आर्जन वा प्राप्त गरेको लाभको आफ्नो समूहका महिला, दलित, आदिवासी जनजाति तथा विपन्न सदस्यलाई समन्यायिक रुपमा वितरण गरिने लाभ सम्झनु पर्छ ।

(व) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(भ) "विधान" भन्नाले सामुदायिक जलचर संरक्षण समूहको विधान सम्झनु पर्छ ।

(म) "समिति" भन्नाले यस ऐनको दफा १५ बमोजिम गठन भएको जलचर तथा जलिय जैविक विविधता व्यवस्थापन समिति सम्झनु पर्छ ।

(य) "सभा" भन्नाले तल्कोट गाउँपालिकाको गाँउ सभालाई सम्झनु पर्छ ।

(र) "समूह" भन्नाले सामुदायिक नदी वा तालको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न दफा २३ बमोजिम दर्ता भएको समूह सम्झनु पर्छ ।

(ल) "सामुदायिक नदी, गाड" भन्नाले सामुहिक हितको लागि नदी, खोला वा नालाको विकास, संरक्षण र दिगो उपयोग गर्न दफा २३ बमोजिम समुदायलाई तल्कोट गाउँपालिकाले सुम्पिएको वा हस्तान्तरण गरेको नदी, गाड, खोला वा नाला सम्झनु पर्छ ।

(व) "सामुदायिक ताल" भन्नाले सामुहिक हितको लागि ताल, तलैया, पोखरी, दह वा सिमसारको विकास, संरक्षण र उपयोग गर्न दफा २३ बमोजिम समुदायलाई सुम्पिएको वा हस्तान्तरण गरिएको ताल, तलैया, पोखरी, दह र सिमसार सम्झनु पर्छ ।

(स) "सामुदायिक जलचर संरक्षण समूह" भन्नाले सामुदायिक नदी, गाड, खोला वा नाला, वा ताल, सिमसारको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न दफा २३ बमोजिम दर्ता भएको समूह सम्झनु पर्छ ।

## परिच्छेद २

## जलचर संरक्षण सम्बन्धी व्यवस्था

३. स्थानीय नदी वा तालमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने: यस ऐन बमोजिम गाउँपालिकाबाट अनुमती, हक, छुट, सुविधा, पट्टा वा पूर्जी वा प्रमाण पत्र प्राप्त गरी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा समूहलाई गाउँपालिकाको क्षेत्र भित्रको नदी, खोला, तथा ताल, तलैया, पोखरी र सिमसारमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन ।

४. हक हस्तान्तरण गर्न नहुने : कुनै व्यक्ति वा समूहले स्थानीय नदी वा तालमा आफूले पाएको अनुमति, हक, छुट, सुविधा, सहुलियत, पट्टा वा पूर्जी अरु कसैलाई बिक्री गर्न, बन्धकीमा दिन, दान दिन वा सट्टापट्टा गर्न वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न हुदैन ।

५. जथाभावी तरिकाले जलचर समाउन वा मार्न नहुने : (१) कुनै व्यक्तिले कुनै पनि जलचरलाई समात्ने वा मार्ने अभिप्रायले नदी वा तालमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विस्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) जलचर समाउने वा मार्ने अभिप्रायले सेती नदिमा जालको प्रयोग गर्दा जालको आँखा (घर) को आकार (साइज) तिन दशमलव पाँच सेन्टिमिटर (पैतिस मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात सेन्टिमिटर (सतरी मिलिमिटर) वा सो भन्दा ठूलो प्वाल को जाल, चेउँदी (चौंदी), जाल, माहाजाल, तथा करेण्ट जाल (गिल नेट) प्रयोग गर्न हुँदैन ।

(३) सेती नदी बाहेक अन्य खोला वा गाडमा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखा (घर) को आकार (साइज) दुई सेन्टिमिटर (विस मिलिमिटर) भन्दा सानो आँखा (घर) को आकार (साइज) र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको आकार (साइज) भएको जाल, माहाजाल एवं करेण्ट जाल (गिल नेट) वा मच्छर झुल प्रयोग गर्न हुदैन ।

(४) सेती नदी र यसका सहायक खोलामा पासोको प्रयोग गरी माछा समाउन वा मार्न हुदैन ।

(५) जलचर समाउनका लागि घन हान्ने, दुवाली बुज्ने, थुन्ने वा फर्काउने, तिप थाप्ने, डोजर जस्ता मेसिनको प्रयोग गरी नदिको धार फर्काउने जस्ता तरीका, माध्यम वा औजार

प्रयोग गर्न तथा रात्रीको समयमा माछा समात्न वा मार्न एवं असला र सहर जस्ता माछाले फुल पार्ने फागुन, चैत्र र भदौ, असोज महिनामा कुनै पनि किसिमको तरिका, माध्यम वा औजार प्रयोग गरी माछा वा जलचर समाउन, पक्रन वा मार्न पाईने छैन ।

६. पैठारी वा खरिद र बिक्रीमा प्रतिबन्ध : कसैले पनि जलचर समात्न वा मार्नका लागि बिषालु पदार्थ, विषादी, ब्याट्री, जालको आँखाको साइज दुई सेन्टिमिटर (विस मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात सेन्टिमिटर (सतरी मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको साइज भएको जाल, चौथी जाल, महाजाल र करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्न वा गराउन पाईने छैन ।

७. मत्स्य भऱ्याङ, जलचर ह्याचरी वातावरणीय वहाव सम्वन्धि व्यवस्था : (१) विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने निकायले जलचरको आवागमनमा बाधा पर्न नदीनको लागि मत्स्य भऱ्याङ (फिस ल्याडर) निर्माण गर्नु पर्नेछ । मत्स्य भऱ्याङ निर्माण गर्न वैज्ञानिक वा प्राविधिक रुपमा सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको निर्माण कार्य सुरु गर्नु अघी कार्यपालिकालाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्दा मत्स्य भऱ्याङ_निर्माण गर्न बैज्ञानिक एवं प्राविधिक दृष्टीकोणबाट सम्भव वा व्यावहारिक नहुने अवस्था भएमा बाँध निर्माण गर्ने निकायले बाँधको तलबाट माछा र अन्य जलचर आवागमनको लागि बाँधको तल्लो तटबाट माछा र अन्य जलचर समाती बाँधको उपल्लो भाग वा माथिल्लो तटमा छाड्ने (क्याच र रिलिज) को व्यवस्था जस्ता व्यवस्था अनिवार्य रुपमा आफ्नो खर्चमा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम क्याच र रिलिजका माध्यमद्वारा जलचर आवागमनको व्यवस्था गर्दा फागुन, चैत्र, बैशाख, जेष्ठ, आषाढ र श्रावण महिनामा दैनिक कम्तिमा एक पटक र अन्य महिनमा प्रत्येक हप्तामा दुईपटक गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको बाँध निर्माण र सञ्चालन गर्दा तल्लो तटको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिन सुख्खा याममा नदी वा तालको प्रवाहको कम्तीमा तिस प्रतिशत न्यूनतम वातावरणीय वहाव (इनभायरोमेन्टल फ्लो) सुनिश्चित गर्नु पर्नेछ ।

८. मत्स्य भऱ्याङ तथा संरचनाका ढोका थुन्न वा भत्काउन नहुने : अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा राखिएका मत्स्य भऱ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकालाई थुन्न वा भत्काउन हुँदैन ।

९. नदी र ताल प्रदुषित गराउन नपाइने : (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम निष्कासन गर्नु पर्नेछ र फोहरबाट निस्केको दूषित

पानी, फोहरबाट निस्केको दूषित पानी (ल्याएर लिचेट) जानसक्ने गरीवा ढल नदी वा तालमा चुहावट वा उत्सर्जन गरी नदी वा ताल प्रदूषित गर्न गराउन हुदैन ।

(२) डम्पिङ साइट निर्माण गर्दा ताल वा नदीको किनारा भन्दा कम्तीमा सात सय मिटरको दुरीमा निर्माण गर्नु पर्नेछ ।

१०. पालेको माछा, शंखे किरा, झिङ्गे माछा र अन्य जलचर नदी वा तालमा निष्कासन गर्न प्रतिबन्ध : (१) ताल, तलैया, पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर नदी, खोलानाला वा सार्वजनिक ताल, तलैया, पोखरी, दह तथा सिमसारमा छाडन वा निस्कासन गर्नु हुँदैन ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "निष्कासन" भन्नाले माछा, झिङ्गे माछा, शंखे किरा, लगायत अन्य जलचर ल्याएर राख्नु, जम्मा गर्नु वा कुनै हिसावले वा तरिकाले फुत्किएर, फुत्काएर वा बगेर नदी वा तालमा जानु वा निष्कासन हुनु समेतलाई सम्झनु पर्छ।

(२) कुनै व्यक्ति, निकाय वा संघ संस्थाले माछा पालनका लागि पोखरी निर्माण गर्दा पोखरीको डिल जमिनको सतह माथि साधारणतया कम्तीमा पनि एक दशमलव पाँच मिटर अग्लो हुनु पर्ने छ ।

११ कार्यपालिकाले आदेश जारी गर्न सक्ने : (१) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिएका स्थान, याम, ऋतु, महिना वा नदी वा तालमा कार्यपालिकाको अनुमती विना कुनै पनि व्यक्तिले जलचर समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी माछा तथा अन्य जलचरको संरक्षण सुनिश्चित गर्न नदी वा तालको पुरै वा आंशिक भाग वा कुनै क्षेत्रमा माछा र अन्य जलचर समात्ने, मार्ने, संकलन गर्ने वा क्षति हुन सक्ने क्रियाकलापमा प्रतिवन्ध लगाउन सक्ने वा कुनै ताल वा नदी खोलानालाको त्यस्तो क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा तथा कायम गर्न सक्नेछ ।

(३) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास प्रजाति वा महत्वका जलीय स्तनधारी जीव, घस्रने प्राणी, ओत, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरलाई संरक्षित जीव वा संरक्षित वनस्पति तोक्न सक्ने छ र त्यस्ता संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत जलीय वनस्पति, माछा र अन्य जलचर समात्न, मार्न तथा चोट पुऱ्याउन वा क्षति हुनसक्ने कुनै पनि क्रियाकलाप गर्न निषेध हुनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्रकाशित आदेशमा तोकिएका ठाउँ, नदीनाला वा खोला वा तालमा रहेका सम्पूर्ण जलचरका सम्वन्धमा कार्यपालिकाको मात्र अधिकार हुनेछ ।

१२. <u>जलचर तथा जलिय जैविक विविधतामा उल्लेखनीय प्रभाव पार्न नहुने</u> : (१) यो ऐन प्रारम्भ भएपछि कसैले पनि प्रचलित कानून बमोजिम गाउँपालिकाबाट तोकिए बमोजिमको प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको प्रस्तावको हकमा प्रचलित कानूनमा उल्लेख भए बमोजिम प्रस्तावकले प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ र उपरोक्त बमोजिमको प्रस्ताव गाउँपालिकामा स्वीकृतिका लागी पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम स्वीकृतिको लागी पेश हुन आएको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदनबाट प्रस्तावको कार्यान्वयन गर्दा जलचर र जलिय जैविक विविधतामा पर्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई कम वा नियन्त्रण गर्न सकिने देखिएमा मात्र गाउँपालिकाले प्रस्तावकलाई आवश्यक शर्तहरु तोकी प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

१३. <u>जलचर तथा जलिय जैविक विविधतामा पर्न सक्ने प्रभावको प्रारम्भिक वातावरणीय परिक्षण गर्नु पर्ने</u> : (१) दफा १२ बमोजिम प्रस्तावकले कुनै प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी अध्ययन प्रतिवेदन तयार गर्दा जलचर र जलिय जैविक विविधतामा पर्न सक्ने प्रभावको अलग्गै वा छुट्टै प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी अध्ययन प्रतिवेदन पनि तयार गरी कार्यपालिकाबाट स्वीकृति प्राप्त भएपछि मात्र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तावकले प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी अध्ययन प्रतिवेदन र जलिय जैविक विविधतामा पर्न सक्ने प्रभावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धि अध्ययन प्रतिवेदन तयार गर्दा त्यस्तो प्रस्तावको साथ साथै जलचर र जलिय जैविक विविधतामा पर्न सक्ने प्रतिकूल प्रभावको निराकरण वा न्यूनिकरण तथा व्यवस्थापन र सकारात्मक प्रभावको अभिवृद्धि गर्ने उद्देश्यले विस्तृत वातावरणिय व्यवस्थापन योजना समेत तयार गरी कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ ।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन प्रतिवेदन र उपदफा (२) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना गाउँपालिकाबाट स्वीकृति भएपछि मात्र प्रस्तावको कार्यान्वयन गर्नु पर्नेछ ।

(४) प्रस्तावकले उपदफा (३) बमोजिम प्रस्तावको कार्यान्वयन गर्दा वातावरणीय व्यवस्थापन योजना पनि साथ साथै कार्यान्वयन गर्नु पर्नेछ ।

१४. <u>नागरिकको कर्तव्य तथा अधिकार</u> : (१) जलचर, जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरुको संरक्षण तथा दिगो उपयोग गर्नु प्रत्येक व्यक्ति, समूह, संस्था वा निकायको कर्तव्य हुनेछ ।

(२) नदी वा ताल, सिमसारमा कुनै पनि किसिमबाट मिचाहा प्रकृति वा प्रजातिका जलीय जीव तथा जलचर निष्कासन वा विसर्जन हुन नदिनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(३) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, भिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरको नागरिकले विशेष सुरक्षा, संरक्षण एवं सम्बर्द्धन गर्नु पर्नेछ ।

(४) कार्यपालिकाको लिखित पुर्व अनुमति बेगर र मापदण्ड विपरीत हुने गरी सामुदायिक नदी र सामुदायिक तालबाट ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन, निस्कासन गर्न वा गराउन हुदैन ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिकाले दफा २३ बमोजिम समुदायलाई हस्तान्तरण गरेकी वा सुम्पिएको सामुदायिक नदी क्षेत्र वाहेक नदीको अन्य क्षेत्र वा भागको प्रारिम्भिक वातावरणीय परिक्षण गराई सोको प्रतिवेदन तथा वातावरण व्यवस्थापन योजना अनुरुप मात्र कुनै व्यक्तिलाई ढुङगा गिट्टी बालुवाको उत्खनन्, निष्कासनको अनुमति दिनु पर्नेछ ।

(६) नदी वा तालमा फोहोरको विर्सजन, फोहरबाट निस्केको दूषित पानी, फोहरबाट निस्केको दूषित पानी रसाएरु (लिचेट) जानसक्ने गरी वा ढल नदी वा तालमा उत्सर्जन नगरी नदी र ताल प्रदुषित हुनबाट बचाउनु प्रत्येक व्यक्ति, समूह, संस्था र निकायको कर्तव्य हुनेछ ।

(७) नेपाली नागरिकलाई यस ऐन वा यस ऐन अर्न्तगत बनेको नियमावली र यस ऐन वा नियमावली अर्न्तगत जारी गरिएको आदेशको अधिनमा रही जलचर समात्न वा मार्न र जलीय जैविक विविधताका अवयवहरुको दिगो उपयोग गर्ने अधिकार हुनेछ ।

## परिच्छेद ३

## जलीय जैविक विविधता व्यवस्थापन समिति, समन्वय परिषद् तथा संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

१५. कार्यपालिकाले व्यवस्थापन समिति गठन गर्न सक्ने : (१) जलचर, जलीय जैविक विविधताको संरक्षण, र दिगो उपयोग तथा सोवाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धी विषयमा कार्यपालिकालाई नीतिगत मार्गदर्शन र राय सल्लाह दिन तथा पश्चिम सेती जलाधारको जलीय जैविक विविधता र पश्चिम सेती जलाधारको सामुहिक व्यवस्थापन गर्न पश्चिम सेती जलाधार क्षेत्रभित्र अवस्थित स्थानीय तह तथा निकायहरु बीच समन्वय र सहकार्य समेत गर्नको लागि नगपालिकाले जलचर तथा जलीय जैविक विविधता व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति गठन गर्दा गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा गठन गर्नु पर्ने छ र सो समितिमा गाउँपालिकाको उपाध्यक्ष, नदी वा खोला रहेको क्षेत्रका वडाध्यक्ष, स्थानीय बुद्धिजिवी तथा समाजसेबी, र समूहको प्रतिनिधि समेत रहने गरी कम्तिमा एघार सदस्सिय समिति गठन गर्नु पर्नेछ । प्रमुख प्रशासकिय अधिकृतले समितिको सदस्य सचिवको कार्य गर्नेछ ।

## अनुसूची -१

### (दफा २३ को उपदफा (४) सँग सम्बन्धित)

### सामुदायिक जलचर संरक्षण समूहको दर्ताको लागि दिइने निवेदन

श्री प्रमुख ज्यू
तल्कोटगाउँ कार्यपालिकाको कार्यालय,
तल्कोट बझाङ ।

विषय: सामुदायिक जलचर संरक्षण समूह दर्ता गरिदिने बारे ।

तल्कोट गाउँपालिका को जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०७६ को व्यवस्था बमोजिम सामुदायिक जलचर संरक्षण समूहको गठन गरी उक्त समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । समूहको दर्ता गरी आवश्यक प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं ।

निवेदक

.................. सामुदायिक जलचर संरक्षण समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

मिति:- ....................................

## अनुसूची -२

**(दफा २३ को उपदफा (५) सँग सम्बन्धित)**

समूह दर्ताको प्रमाणपत्रको नमूना

### तल्कोटगाउँउकार्यपालिकाको कार्यालय

तल्कोट, बझाङ ।

दर्ता नं. :- मितिः-

**समूह दर्ताको प्रमाणपत्र**

श्री.......................................सामुदायिक जलचर संरक्षण समूह

...........................

यस गाउँपालिकाको मिति........................... को निर्णय अनुसार जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०७६ ले दिएको अधिकार प्रयोग गरी .............. ....... .....सामुदायिक जलचर संरक्षण समूहलाई दर्ता गरी जलचर र जलीय जैविक विविधताको संरक्षण, दिगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायीक वितरण गर्न सफलता मिलोस भन्ने शुभकामनाका साथ यो प्रमाणपत्र दिइएको छ ।

पालना गर्नुपर्ने विशेष शर्तहरुः

१.

२

३

.........................सामुदायिक जलचर संरक्षण समूहको विवरणः

सामुदायिक जलचर संरक्षण समूहको क्षेत्र

घर धुरीको संख्याः-

कुल जनसंख्याः-

प्रमाणपत्र दिने अधिकृतको

नामः-

दर्जाः-

दस्तखतः-

मितिः-

द्रष्टव्यः- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक सय रुपैयाँ दस्तुर लाग्नेछ ।